संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - १८

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

संघीय संसद,नेपाल

२०७९ साल जेठ २५ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै हात उठाएर मा० श्री कृष्ण गोपाल श्रेष्ठले स्थानीय तहको निर्वाचनमा मनोनयनको समयदेखि नउठाइएको काठमाडौंको फोहोर हालसम्म पनि नउठेको, शहर दुर्गन्धित भएकोले राजधानीवासी सास्ती भोग्नुपरेको, फोहोर व्यवस्थापन गरिने स्थानका जनताको मागप्रति सरकार संवेदनशील नहुँदा बारम्बार समस्या आइरहेकोले सम्बन्धित मन्त्रालयले तत्काल समस्या समाधान गर्न के कस्तो कार्य अगाडि बढाएको छ सो को जानकारी सदनलाई गराउन सम्माननीय सभामुखबाट निर्देशन होस् भन्नुभयो ।

तदुपरान्त मा० श्री यज्ञबहादुर बोगटीले अछाम पञ्चदेवल विनायक नगरपालिकामा विनोद शाहीको हत्याको घटनामा जाहेरी दर्ता हुने भनी मा० गृह मन्त्रीले सदनमा भन्नु भएपनि प्रशासनले आजसम्म पनि जाहेरी दर्ता नगरेको, घटना भएको ठाउँमा नै हालसम्म मृतकको लाश रहेको, प्रशासनको तर्फबाट हत्याराको छानविन गर्न तदारुकता नदेखाएकोले उक्त घटनाको छानविन गर्न र जाहेरी दर्ता गर्न सम्माननीय सभामुखबाट सरकारलाई निर्देशन होस् भन्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले मा० सदस्यले उठाउनु भएको विषयमा मेरो गम्भिर ध्यानाकर्षण भएको छ, सो सम्बन्धमा म नेपाल सरकारको ध्यानाकर्षण गराउँछु भन्नुहुँदै उक्त घटनाका सम्बन्धमा सत्य तथ्य पत्ता लगाई दोषीमाथि कारवाहीको प्रक्रिया अगाडि बढाउन नेपाल सरकारलाई निर्देश गर्दछु भन्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयको कार्यक्रममा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अमन लाल मोदी
२. मा० डा० अमरेश कुमार सिंह
३. मा० श्री अमृता थापा
४. मा० श्री आशा कुमारी वि.क.
५. मा० श्री उमाशंकर अरगरिया
६. मा० श्री कृष्ण बहादुर राई
७. मा० श्री कृष्णभक्त पोखेल
८. मा० श्री खगराज अधिकारी
९. मा० श्री खेमप्रसाद लोहनी
१०. मा० श्री गगन कुमार थापा
११. मा० श्री गोपाल बहादुर बम
१२. मा० श्री गंगा चौधरी (सत्गौवा)
१३. मा० श्री घनश्याम खतिवडा
१४. मा० श्री चाँदतारा कुमारी
१५. मा० श्री झपट बहादुर रावल

तदुपरान्त सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ को विभिन्न शीर्षकहरुमाथिको छलफल अन्तर्गत कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि समुहिकृत रुपमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउनु हुँदै उल्लिखित मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि ६ जना मा० सदस्यहरुबाट प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४३ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम खर्च कटौतीको प्रस्तावहरु प्राप्त हुन आएको व्यहोरा समेत जानकारी गराउनु भयो ।

तत्पश्चात खर्च कटौती प्रस्तावका प्रस्तावक निम्नलिखित मा० सदस्यहरुले आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै निर्धारित विनियोजन शीर्षकहरुमाथिको छलफलमा भाग लिनुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री दुर्गा पौडेल
३. मा० श्री पद्मा कुमारी अर्याल
४. मा० श्री बिमला वि.क.
५. मा० श्री लालबाबु पण्डित
६. मा० श्री गोकुल प्रसाद बाँस्कोटा

त्यसपछि उक्त मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री योगेश कुमार भट्टराई
२. मा० श्री गगन कुमार थापा
३. मा० श्री अमन लाल मोदी
४. मा० श्री सोमप्रसाद पाण्डेय
५. मा० श्री एकवाल मियाँ
६. मा० डा० विजय सुब्बा
७. मा० श्री दिव्यमणि राजभण्डारी
८. मा० श्री कमला रोका
९. मा० श्री पार्वती कुमारी विशुन्के
१०. मा० श्री राजेन्द्र प्रसाद गौतम
११. मा० डा० डिला सँग्रौला (पंत)
१२. मा० श्री विना मगर
१३. मा० श्री कलिला खातुन
१४. मा० श्री निरु देवी पाल
१५. मा० डा० अमरेश कुमार सिंह
१६. मा० श्री रामेश्वर राय यादव
१७. मा० श्री निरा देवी जैरु
१८. मा० श्री दल बहादुर राना
१९. मा० श्री मिना सुब्बा
२०. मा० श्री पूर्ण कुमारी सुवेदी
२१. मा० श्री पुष्पा कुमारी कर्ण कायस्त
२२. मा० श्री प्रमोद साह
२३. मा० श्री राजबहादुर बुढाक्षेत्री
२४. मा० श्री मोहन प्रसाद पाण्डे
२५. मा० श्री भुपेन्द्र थापा
२६. मा० श्री सत्यनारायण शर्मा खनाल
२७. मा० श्री राजेन्द्र कुमार राई
२८. मा० श्री सिताराम महतो
२९. मा० श्री लाल प्रसाद साँवा लिम्बु
३०. मा० श्री प्रकाश रसाईली (स्नेही)
३१. मा० श्री नविना लामा
३२. मा० श्री पार्वता डि.सी. चौधरी
३३. मा० श्री सुजाता परियार
३४. मा० श्री विमला विश्वकर्मा
३५. मा० श्री पद्म नारायण चौधरी
३६. मा० श्री विष्णु शर्मा
३७. मा० श्री झपट बहादुर रावल
३८. मा० श्री खेम प्रसाद लोहनी
३९. मा० श्री घनश्याम खतिवडा
४०. मा० श्री गंगा चौधरी (सत्गौवा)

यसैबीच मा० श्री दिव्यमणि राजभण्डारीले छलफलमा भाग लिइसकेपछि सम्माननीय सभामुखले मा० कृषि तथा पशुपन्छी विकास मन्त्री र मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री देश बाहिर रहनु भएकोले उहाँहरुको कार्यभार क्रमशः मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री र मा० गृह मन्त्रीले सम्हाल्नु भएको पत्र सभामा पढेर सुनाइएको स्मरण गराउँछु भन्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ अन्तर्गत कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय र रक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको समूहीकृत छलफल मिति २०७९ जेठ २६ गतेको बैठकमा हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल जेठ २६ गते बिहीबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक साँझ ७:१० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव